# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, असार २५ गते, २०८१ साल (अतिरिक्ताङ्क १२


## भाग २

### उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

### गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०८१

गण्डकी प्रदेश पाइभेट फर्म दर्ता नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७९ को नियम ७ मा संशोधनः** गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७९ (यस पछि मूल नियमावली भनिएको) को नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः-

"७. **प्राइभेट फर्मको नवीकरणः** (१) ऐनको दफा ४ बमोजिम दर्ता भएको प्राइभेट फर्मको अवधि पाँच वर्षको हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत बहाल रहेको प्राइभेट फर्मको अवधि त्यस्तो प्राइभेट फर्मको प्रमाणपत्रमा उल्लेख भएको अवधिसम्म कायम रहनेछ।

(३) उपनियम (१) वा (२) बमोजिमको अवधि समाप्त भएपछि प्राइभेट फर्मको नवीकरण गर्दा दुई वर्षको लागि गरिनेछ।

(४) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले उपनियम (१) वा (२) बमोजिमको अवधि समाप्त भएको मितिले पैंतिस दिनभित्र देहाय बमोजिमको कागजात संलग्न गरी कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

(ग) पचास लाख रुपैयाँ वा सो भन्दा बढी पूँजी भएको प्राइभेट फर्मको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र सम्बन्धित प्राइभेट फर्मको प्रोप्राइटरले प्रमाणित गरेको अनुसूची-३क. बमोजिमको वार्षिक कारोबारको फाँटवारी ।

(५) उपनियम (४) बमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले देहाय बमोजिमको दस्तुर लिइ त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिनु पर्नेछः

(क) उपनियम (१) वा (२) बमोजिमको प्राइभेट फर्मको अवधि समाप्त भएको पैंतिस दिनसम्म नियम (४) बमोजिमको

दर्ता दस्तुरको दश प्रतिशतले हुन आउने रकम,

(ख) प्राइभेट फर्मको अवधि समाप्त भएको छत्तिसौं दिनदेखि नब्बे दिनसम्मको लागि खण्ड (क) बमोजिमको दस्तुरको दोब्बर दस्तुर,

(ग) प्राइभेट फर्मको अवधि समाप्त भएको एकानब्बे औं दिनदेखि एक वर्षसम्मको लागि खण्ड (क) बमोजिमको दस्तुरको तेब्बर दस्तुर।

(६) उपनियम (५) को खण्ड (ग) बमोजिमको अवधि समाप्त भएको मिति देखि प्रत्येक वर्षको लागि नवीकरण दस्तुरको तेब्बर दस्तुर तथा देहाय बमोजिम थप जरिवाना समेत लिइ त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिनु पर्नेछः

(क) बीस लाख रुपैयाँसम्म पूँजी भएको प्राइभेट फर्मबाट प्रत्येक वर्षको लागि दुई हजार पाँच सय रुपैयाँका दरले थप जरिवाना,

(ख) बीस लाख रुपैयाँ भन्दा बढी पूँजी भएको प्राइभेट फर्मबाट प्रत्येक वर्षको लागि पाँच हजार पाँच सय रुपैयाँका दरले थप जरिवाना ।

(७) प्राइभेट फर्म दर्ता प्रमाणपत्र हराएमा वा नासिएमा त्यस्तो दर्ता प्रमाणपत्रको प्रतिलिपि लिन तीन सय रुपैया दस्तुर सहित कार्यालय समक्ष निवेदन दिन सकिनेछ।

(८) उपनियम (७) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गरी कार्यालयले त्यस्तो प्राइभेट फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।"

३. <u>**मूल नियमावलीको नियम ८ मा संशोधनः**</u> (१) मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः

"८. **<u>दर्ता अद्यावधिकः</u>** (१) ऐनको दफा (३) को उपदफा (२) बमोजिम यो ऐन प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट फर्मले दर्ता अद्यावधिक गर्न एक सय रुपैयाँ दस्तुर सहित अनुसूची- ४ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अद्यावधिक हुन नसकेका प्राइभेट फर्म नवीकरण गराउनु पूर्व एक सय रुपैयाँ दस्तुर र नियम ७ बमोजिमको नवीकरण दस्तुर तथा जरिवाना सहित अनुसूची-५ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त दरखास्त उपर कार्यालयले आवश्यक जाँचबुझ गरी तीन दिनभित्र त्यस्तो प्राइभेट फर्मको अद्यावधिक गरी नियम ७ बमोजिम नवीकरण गरिदिनु पर्नेछ।"

४. **<u>मूल नियमावलीमा अनुसूची थपः</u>** मूल नियमावलीको अनुसूची-३ पछि यसैसाथ संलग्न बमोजिमको अनुसूची-३क. थपिएको छ ।

**"अनुसूची-३क.**

(नियम ७ को उपनियम (४) को खण्ड (ग) सँग सम्बन्धित)

**<u>वार्षिक कारोबारको फाँटवारी</u>**

श्री ................................

......................... कार्यालय,

.................................. ।

यस .................................. फर्मको आ.व. ......../..... को साल ...... साउन एक गतेदेखि ........ साल असार मसान्तसम्मको वार्षिक कारोबारको विवरण देहाय बमोजिम पेस गरेको छु:-

(१) <u>प्राइभेट फर्मको विवरण:</u>

(क) प्राइभेट फर्मको दर्ता नम्बर:

(ख) प्राइभेट फर्मको पूरा नाम:

(ग) प्राइभेट फर्मको ठेगाना:

(घ) प्राइभेट फर्म धनीको नाम, थर:

(ङ) प्राइभेट फर्म धनीको ठेगाना:

(२) <u>कारोबारको विवरण:</u>

| वस्तु/सेवाको नाम वा विवरण | एकाइ | गत वर्षको बाँकी वस्तु | पेस गरेको अवधिमा आएको वस्तु | बिक्री परिमाण वा थान | खरिद मूल्य (प्रति एकाइ) | | कर, महसुल, भाडा, इत्यादि (प्रति एकाइ) | | जम्मा परेको मूल्य (प्रति एकाइ) | | बिक्री दर (प्रति एकाइ) | | प्रशासनिक/अन्य खर्च (प्रति एकाइ) | | कूल नाफा (प्रति एकाइ) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अन्य मुद्रा | ने. रु. | अन्य मुद्रा | ने.रु. | अन्य मुद्रा | ने.रु. | अन्य मुद्रा | ने. रु. | अन्य मुद्रा | ने. रु. | अन्य मुद्रा | ने. रु. | |
| | | | | | | | | | | | | | | | | | |

माथि लेखिए बमोजिमको विवरण ठीक छ, फरक पारी लेखिएको ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

प्रोप्राइटरको,-

दस्तखत:

प्राइभेट फर्मको छाप

नाम, थर:

मोबाइल नं. र इमेल:"

**आज्ञाले,**

**कुमान सिंह गुरुङ**

**प्रदेश सरकारको सचिव ।**

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु १०।-